“सबै कुरा भाग्य अनुसार मात्र हुन्छ, यहाँसम्म कि अक्षमता र चतुराई, वा चतुराई र अक्षमता पनि।”

ताउसले वर्णन गरेका छन् :मैले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का साथीहरूलाई भन्दै गरेको सुनेको छु, जो सबैले भन्न्थे कि सबै कुरा अल्लाहको निर्धारित भाग्य अनुसार घटित हुन्छ। र मैले अब्दुल्लाह बिन उमर (रजियल्लाहु
अन्हुमा) लाई यसो भन्दै गरेको सुनेको छु, कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : “ “सबै कुरा भाग्य अनुसार मात्र हुन्छ, यहाँसम्म कि अक्षमता र चतुराई, वा चतुराई
र अक्षमता पनि।”
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, सबै कुरा भाग्यको लेखा अनुसार हुन्छ; यहाँसम्म कि अक्षमता पनि भाग्यको कारणले हुन्छ, यस सन्दर्भमा अक्षमता भनेको लोक परलोक सँग सम्बन्धित अनिवार्य कार्यहरू नगर्नु, तिनीहरूलाई स्थगित गर्नु एवम् ढिलाइ गर्नु हो। र चतुराई पनि भाग्यले नैं हुन्छ, यस सन्दर्भमा चतुराई भनेको सांसारिक र परलोकको मामिलामा सक्रिय र कुशल हुनु हो । अल्लाहले क्षमता र अक्षमता र त्यस्ता सबै कुरा भाग्यमा लेखेका छन् ब्रह्माण्डमा कुनै पनि कुरा अल्लाहको ज्ञान र इच्छा बिना घट्दैन

http://sunnah.global/hadeeth/ne/show/65039